# सामाजिक सुरक्षा स्थानीय नीति, २०८१

ठाँटीकाँध गाउँपालिका
दैलेख

ठाँटीकाँध गाउँपालिका गाउँसभाबाट पारित मितिः २०८१।०९।२४

## १. पृष्टभूमिः

नेपालको संविधानले सामाजिक सुरक्षालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ। संविधानको धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरिएको छ।

विश्वव्यापी मानवअधिकार घोषणा पत्र १९४८ को धारा २५ मा, प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि पर्याप्त जीवनस्तरको अधिकार छ, जसमा खाना, लुगाफाटा, आवास र चिकित्सा हेरचाह र आवश्यक सामाजिक सेवाहरू समावेश छन् र वेरोजगारी, विमारी, अशक्तता, विधुवा, वृद्धावस्था वा आफ्नो नियन्त्रणभन्दा बाहिरको परिस्थितिमा जीविकोपार्जनको अन्य माध्यमको अभावको स्थितिमा सुरक्षाको अधिकार छ। नागरिकको मातृत्व र बाल्यकाल, विशेष हेरचाह र सहयोगको हकदार छन्। वैवाहिक बन्धनमा बाँधिएर वा नबाँधिएर जन्मेका सबै बालबालिकाले समान सामाजिक सुरक्षा पाउनेछन् भनि उल्लेख गरिएको छ। मानव पुँजी निर्माण, सम्मानजनक जीवनयापन, सामाजिक न्याय, समानता तथा दिगोविकास लक्ष्य हाँसिल गर्न र नागरिकका प्रत्यक्ष सरोकारका विषयमा ठाँटीकाँध गाउँपालिकाले आफ्ना क्रियाकलापहरुलाई अगाडी बढाई रहेको छ। त्यसका लागि संघ, प्रदेश तथा स्थानीय संघ संस्था, नीजी क्षेत्र तथा अन्तराष्ट्रिय दातृ निकायहरुसँग पनि गाउँपालिकाले सहकार्य गरिरहेको छ। गाउँपालिले नेपालको संविधानले प्रदान गरेको स्थानीय सरकारको अधिकारक्षेत्र भित्र रहि थप सामाजिक सुरक्षा कार्यक्रमहरुको योजना तथा कार्यान्वयन गरिरहेको छ। त्यसैले सामाजिक सुरक्षा कार्यक्रमहरुलाई नीतिगत रुपमै व्यवस्था गरी कार्यक्रमहरुको दिगोपन र प्रभावकारी कार्यान्वयन तथा एकिकृत सामाजिक सुरक्षा कार्यक्रमहरुमा नागरिकको पहुँच सुनिश्चित गर्न यो सामाजिक सुरक्षा स्थानीय नीति निर्माण गरिएको छ।

## २. नेपालमा सामाजिक सुरक्षाको ऐतिहाँसिक पृष्टभूमि

वि.सं. १९९१ (सन् १९३४) तिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते नेपाली सैनिकहरुलाई सैनिक द्रव्य कोष स्थापना गरी वार्षिक एकमुष्ठ रकम उपलब्ध गराउने कार्यसँगै नेपालमा सामाजिक सुरक्षाको प्रयास शुरु भएको मानिन्छ । वि.सं. २००१ (सन् १९४४) मा सेवा निवृत्त सरकारी कर्मचारीलाई निवृत्तभरण प्रदान गर्ने कार्य शुरु भएको थियो। कर्मचारी सञ्चय कोष वि.सं. २०१९ (सन् १९६२) मा स्थापना भयो। यसैगरी सामाजिक सुरक्षाको विषय सातौं योजना २०४२ मा समावेश भएको पाइन्छ। नागरिक लगानी कोष २०४७ (१९९०), मा र आ.व. २०५१ र ०५२ देखि ज्येष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्थापनको माध्यमबाट यस क्षेत्रमा थप आधारशीला तयार भयो। त्यस पश्चात् एकल महिला, शारीरिक रूपमा फरक क्षमता भएका नागरिक तथा बाल संरक्षण र बाल पोषण कार्यक्रम लागू गरी अझै यस कार्यक्रमलाई विशिष्टिकृत गरिएको छ भने सामाजिक सुरक्षा कोष २०६६ (२००९) मा स्थापना भयो।

हाल नेपाल सरकारले सामाजिक सुरक्षा भत्ताका साथसाथै विभिन्न मन्त्रालय मार्फत सामाजिक सुरक्षाका कार्यक्रमको योजना तथा कार्यान्वयन गरिरहेको छ। यी कार्यक्रमहरुको लक्ष्य भनेको समग्रमा गरीव, विपन्न तथा जोखिममा रहेका नागरिकहरुको मानवअधिकारलाई संरक्षण गर्ने र सम्मानजनक जीवनयापनमा टेवा पुर्याउने हो।

लोककल्याणकारी राज्यको अवधारणा अनुसार नागरिकलाई कोख देखि शोकसम्म संकटासन्नताको सामना गर्न सक्षम बनाउने दायित्व राज्यको हो र राज्यबाट आधारभूत आवश्यकताको परिपूर्तिको प्रत्याभूत गरिनु नागरिकको

अधिकार हो । यसै सन्दर्भलाई आत्मसाथ गर्दै नेपालको सोह्रौ पञ्चवर्षीय योजनामा[1] सामाजिक सुरक्षालाई प्राथमिकतामा राखिएको छ ।

## ३. वर्तमान अवस्था

ठाँटीकाँध गाउँपालिकाको कुल जनसंख्या १८३०१ रहेको छ । जसमा महिला ५१.२ प्रतिशत र पुरुष ४८.८ प्रतिशत छन् ।[2] अपांगता भएको ब्यक्तिहरुको संख्या ३ प्रतिशत छ । बालबालिकाको जन्मदर्ता ८८.६ प्रतिशत रहेको छ । ० देखि १९ बर्ष सम्मको जनसंख्या ९४४८ जसमा ० देखि ४ बर्षका बालबालिकाको संख्या २२९३ रहेका छ । गाउँपालिकामा कुल जनसंख्याको ४६.७ प्रतिशत बालबालिका रहेका छन् र ती मध्ये १२.१ प्रतिशत बालबालिका एकल आमासँग बस्दै आएका छन् । गाउँपालिकाको साक्षरता दर ७०.५ प्रतिशत रहेको छ । गाउँपालिकामा आर्थिक रुपले सक्रिय जनसंख्या, १० बर्ष देखि माथिको जनसंख्या ६४.८ प्रतिशत रहेको छ ।

उपरोक्त तथ्यांकको विश्लेषण गरि गाउँपालिकाले स्थानीय आवश्यकता र जोखिमताका क्षेत्रलाई समेटी नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूती दिलाउन संघीय तथा प्रदेश सरकारद्वारा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा पालिकाले स्थानीय तवरबाट विशेष गरेर जोखिममा रहेका नागरिकहरुलाई शिक्षा, स्वास्थ्य, कृषि, महिला, बालबालिका तथा जेष्ठ नागरिक तथा अन्य क्षेत्रमा सामाजिक सुरक्षाका कार्यक्रमहरु योजना गरी कार्यान्वयन गरिरहेको छ । बर्तमानमा गाउँपालिकाले केन्द्र तथा प्रदेश बाहेक स्थानीय सरकारका तर्फबाट जोखिम तथा संकटासन्नतामा रहेका बर्गहरुलाई लक्षित गरि सामाजिक सुरक्षा कार्यक्रम निर्माण तथा सञ्चालन गर्दै आएको छ ।

### ३.१. सबल पक्षहरुः

जल, जमिन, जंगल, जडिवुटी, जंगली जनावर, एवम उर्वरभूमि रहेको यो गाउाँपालिका पूर्व पश्चिम उत्तर दक्षिण गोलाकार भू-धरातल भएको अनेकतामा एकता रहेको गाउँपालिका हो । बसोबासका हिसावले यस गाउँपालिकामा विभिन्न जात जातिहरु जस्तै ब्राहमण, क्षेत्री, दलित, आदिवासी जनजाति आदिको वसोवासरहि आएका छन् । जसका आफ्नै भाषा तथा संस्कृति छन् । यो गाउँपालिकाको उत्तरी क्षेत्रमा रहेको वनजंगलका कारण पानीका प्रशस्त श्रोतहरु, जडिवुटी, जंगली जनावर, तथा निलम पत्थर (काइनाइट) पाइनुका साथै कागति, सुन्तला जस्ता अमिला जातका फलफुल र अदुवा, केरा, आँप र अलैची, खेतीको राम्रो सम्भावना समेत रहेको छ भने अल्लोको खेती पनि उत्तीकै सम्भावना रहेको छ । साथै पशुपालन तथा विभिन्न तरकारी खेतीको पनि प्रशस्त सम्भावना रहेको छ । यस गाउँपालिकाको मध्ये भागमा विभिन्न खाद्यवाली जस्तै धान, गहुँ, मकै, कोदो एवम तरकारी खेतीको प्रशस्त सम्भावना रहेको छ । पूर्वमा रामगाड, उत्तरमा भूतगाड भएर वग्ने सिङ्गो रामगाड खोला, पश्चिम तर्फ वग्ने चिनेखोला निरन्तर वगिरहने खोलाहरु हुन । यी ३ वटै खोलाहरु ढुङगा, गिट्टी, वालुवा, जस्ता निर्माण सामाग्रीहरु उपलब्ध गर्न गराउन सकिने अवस्था छ । साथै जलविधुतको प्रशस्त सम्भावनाहरु रहेका छन् । लेकाली क्षेत्रमा पाईने निलम पत्थर र जौचौरमा भएको तामाखानी एवम तिरुवा टोलको फलाम खानी को उत्खनन गर्न सकेमा ठाटीकाँध गाउँपालिका लगायत सिङ्गो राष्ट्रको नै आर्थिक समृद्धिमा टेवा पुग्ने सम्भावना रहेको छ ।

संकटासन्नतामा रहेका नागरिकलाई सामाजिक सुरक्षा प्रदान गर्न गाउँपालिकाले स्थानीय स्तरबाट हाल सामाजिक सुरक्षाका निम्नानुसारका कार्यक्रमहरु गर्दै आएको छ ।

---

[1] सोह्रौ पञ्चबर्षिय योजना २०८१/८२ देखि २०८५/८६

[2] राष्ट्रिय जनगणना २०७८

सबै गर्भवती आमाहरूको घुम्ति शिबिर मार्फत निशुल्क भिडियो एक्सरे, गर्भ जाँच तथा जटिलता पहिचान भएका आमाहरूलाई अस्पताल तथा स्वास्थ्य संस्थामा पुर्‍याउनका लागि निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिएको छ ।

सुनौला हजार दिनका आमाहरुका लागि उनीहरुको पोषणमा सहयोग पुर्‍याउनका लागि उन्नत तरकारी विउँ वितरण तथा करेसाबारी सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिदै आएको छ ।

बालबालिकाको पोषण अनुगमन, बालवालिकाहरुलाई पोषण कोशेली वितरण कार्यक्रम, बालक्लबको गठन तथा परिचालन, बालविवाह न्यूनिकरणका लागि विद्यालयस्तरिय विभिन्न कार्यक्रमहरु सञ्चालन गरिदै आएको छ ।

विद्यालय निरन्तरताको लागि छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरण, गरीब तथा जेहेन्दार बालबालिकालाई शैक्षिक सामग्री वितरण कार्यक्रम सञ्चालन गरिदै आएको छ ।

युवा, एकल तथा विपन्न महिलाहरुलाई उद्यमशीलतासँग जोड्नका लागि उद्यमशीलता विकास तथा जीविकोपार्जन कार्यक्रम ।

**३.२. प्रमुख समस्याहरु**

ठाँटीकाँध गाउँपालिकाले स्थानीय आवश्यकतालाई मध्यनजर गरि विभिन्न सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्दै आईरहेको भए तापनि पालिकामा बसोबास गर्ने नागरिकहरुको जोखिमताको अवस्था, भौगोलिक विकटता, सामाजिक तथा आर्थिक असमानता, विभिन्न कुप्रथा, विकृतिहरुलाई कम गर्न तथा मानवपुँजीको विकास गरि आत्मनिर्भरता तर्फ अग्रसर गराउनका लागि अझै केहि समस्याहरु देखिएका छन् जसलाई सम्बोधन गर्न संघ, प्रदेश तथा अन्य सरकारी तथा गैर सरकारी संघ संस्था तथा दातृ निकायसँगको सहकार्य, लागत साझेदारी, समन्वयलाई प्रामिकताका साथ अगाडी बढाउनुपर्ने देखिन्छ। मानव जीवनचक्रको विभिन्न उमेरसमुहमा आउनसक्ने जोखिमताका क्षेत्रहरुको पहिचान, जोखिमता घटाउने कार्यक्रमहरुको निर्माण, उक्त कार्यक्रमहरुलाई सञ्चालन गर्नको लागि आवश्यक वित्तको प्रवन्ध गर्नु प्रमुख समस्याको रुपमा देखिएको छ । केहि प्रतिनिधीमूलक समस्याहरुलाई निम्नानुसार उल्लेख गएिको छ ।

१. प्रारम्भिक बाल्यअवस्था बालबालिकाको मष्तिस्क विकासको लागि एकदमै महत्वपूर्ण छ। गर्भावस्था तथा सुत्केरी अवस्थामा आमाको स्वास्थ्य तथा पोषण, सुरक्षित सुत्केरी, शिशुहरुको स्वास्थ्य, हेरचाह तथा पोषणमा प्रयाप्त लगानी हुन सकिरहेको छैन ।

२. विद्यालयस्तरमा रहेका बालविकास केन्द्रहरुमा आवश्यक शैक्षिक सामग्रीहरु, बालविकास सहजकर्ता हरुको क्षमता अभिबृद्धिमा कमी देखिनुका साथै विद्यालयमा छात्र छात्राहरुको लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था तथा महिनावारी भएको बेला छात्राहरुको बिद्यालय निरन्तरताका लागि आवश्यक सेनेटरी प्याड विसर्जन गर्ने स्थान तथा उपकरणको अभाव देखिन्छ ।

३. बालविवाह, बालश्रम तथा अन्य सामाजिक कुप्रथाहरु अझै समाजमा विद्यमान हुनु, बालबालिका तथा युवाहरु लागु औषधको कुलत तथा दूर्व्यसनमा लाग्नु, सामाजिक सञ्जालको दुरुपयोग, क्षमता अनुसारको रोजगारीको अवसर नपाई बसाई सराई तथा विदेशिने सख्या बढ्नु प्रमुख समस्याको रुपमा रहेका छन् ।

४. कृषि तथा पशुपालनलाई निवार्हमुखीबाट व्यावसायीकतासँग जोडेर आर्थिक बृद्धिमा टेवा तथा कृषिलाई रोजगारीको माध्यम बनाउनका लागि युवाहरुलाई कृषि तथा उद्यमशीलतामा आकर्षिक गर्न सकिएको छैन ।

५. बालबालिकालाई सकारात्मक सोचका साथ जीवन उपयोगी सीप, अभिभावकहरुलाई बालबालिकामा लगानी वृद्धि गरी उचित स्याहार सुसार गर्न प्रेरित गर्नुका साथै आजका बालबालिका भविष्यको लागि मानवपुँजी हुन् भन्ने कुराको व्यापकरुपमा सचेतनाका कार्यक्रम सञ्चालन प्रयाप्त नहुनु ।

### ३.३. अवसरहरु

सामाजिक सुरक्षा गरीवी निवारण तथा जोखिम न्यूनिकरणको प्रभावकारी औजारको रुपमा स्थापित भएकोले स्थानीय सामाजिक सुरक्षा नीतिले ठाँटीकाँध गाउँपालिकालाई स्थानीय गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू र अन्य सरकारी निकायहरू तथा सम्बन्धित सरोकारवालाहरूसँग साझेदारी र सहकार्यको अवसर देखिन्छ र जसले गर्दा सरोकारवालाहरुले सामाजिक सुरक्षा कार्यक्रमहरूलाई थप प्रभावकारी र दिगो बनाउन आफ्नो सामूहिक विशेषज्ञता र स्रोतहरू प्रदान गर्न सक्छन् । यसबाहेक, स्थानीय आवश्यकतालाई मध्यनजर गरिएको सामाजिक सुरक्षा नीतिले पालिकाका सबैभन्दा जोखिममा रहेका समूदायका लागि सुरक्षा सहायता उपलब्ध गराउन सक्छ । यसले स्वास्थ्य सेवा, शिक्षा, आवास, र सामाजिक सहायता जस्ता आधारभूत आवश्यकताहरूमा पहुँच सहित विभिन्न संकटासन्नतामा रहेका व्यक्ति र परिवारहरूले आवश्यक सहयोग प्राप्त गर्ने कुरा सुनिश्चित गर्न सक्छ । आफ्नै सामाजिक सुरक्षा नीति तर्जुमा गर्दा गाउँपालिकालाई सम्भावित चुनौतीहरू र समस्याहरूलाई सम्बोधन गर्न सजिलो बनाउनुका साथै नागरिकहरुलाई चुनौतीहरुको सामना गर्न सक्षम बनाउँदछ ।

### ३.४. चुनौतीहरु :

आर्थिक श्रोतको अभाव, भौगोलिक विकटता, सामाजिक कुरीति, कुसंस्कार तथा कुप्रथाहरु यथावत रहिरहनु, लैंगिक हिंसा, जातिय छुवाछुत अझै पनि कायम रहिरहनु, मानव पुँजी निर्माणको क्षेत्रमा कार्यक्रम बन्न नसक्नु, बालबालिकामा प्रयाप्त लगानी हुन नसक्नु, स्थानीय स्रोत साधनको प्रयोगबाट युवाहरुलाई स्वदेशमै रोजगारीका अवसर प्रदान गरि देश विकासमा टेवा पुर्‍याउन पहलकदमीमा कमी हुनु, गुणस्तरिय शिक्षा, स्वास्थ्यमा सबैको पहुँच नहुनु, बालमैत्री विद्यालय तथा पठनपाठनका लागि भौतिक श्रोत तथा जनशक्तिको अभाव, कृषि तथा पशुपक्षीं व्यावसायमामा युवाहरुको चाँसो नहुनु, विभिन्न मन्त्रालयगत रुपमा छरिएर रहेका सामाजिक सुरक्षा कार्यक्रमहरुको बारेमा नागरिकमा जानकारीको अभाव हुनु, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गर्न नसक्नु सामाजिक सुरक्षाको क्षेत्रमा गाउँपालिकाले पहिचान गरेका प्रमुख चुनौतीहरु हुन् ।

## ४. नीतिको औचित्य र आवश्यकता :

संघीय सरकारद्वारा निर्माण गरिएका सामाजिक सुरक्षा कार्यक्रमहरु छरिएर रहेका छन् जसले गर्दा समुदायस्तरमा प्रभावकारी रुपमा सूचना प्रवाह नहुदा योग्य भईकन पनि अधिकांश नागरिकहरु बञ्चितिकरणमा परेको कुरा एकिकृत सामाजिक सुरक्षा ढाँचामा उल्लेख गरिएको छ ।[3] यद्यपी सामाजिक सुरक्षा कार्यक्रहरुलाई प्रणालीका रुपमा स्थापना गरि लागू गर्न स्थानीय स्तरमा प्रयासहरु भईरहेका छन् । स्थानीय आवश्यकता, मानव जीवनमा आउन सक्ने जोखिमहरुलाई घटाउनका लागि केहि प्रयासहरु भइरहेको भएता पनि त्यसलाई समग्रतामा समेट्न सकिएको छैन । नागरिकको तहसम्म सम्पुर्ण सामाजिकु सुरक्षा कार्यक्रमहरुको बारेमा प्रभावकारी ढंगले सूचना तथा जानकारी पुग्न सकिरहेको छैन ।

तसर्थ नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक, सोह्रौ योजनाको लक्ष्य एबं उद्देश्य हाँसिल गर्न साथै दिगो विकास लक्ष्य प्राप्तीका लागि स्थानीय आवश्यकताको अध्ययन गरि मानव जीवनचक्रमा आईपर्ने कठीनाईहरुको सम्बोधन गर्न संघीय सरकार, प्रदेश सरकार, संघ संस्था तथा नीजी क्षेत्रको समन्वय, सहकार्यलाई

[3] , Integrated social protection framework.

प्रभावकारी रुपमा लैजान र सामाजिक सुरक्षा कार्यक्रमको दिगोपना, एकिकृत सामाजिक सुरक्षा कार्यक्रमहरुको निर्माण गरि नागरिकको पहुँच अभिबृद्धिका लागि स्थानीय सामाजिक सुरक्षा नीति आवश्यक रहेको छ ।

## ५. दूरदृष्टि, ध्येय, लक्ष्य

**दूरदृष्टि:**

अतिविपन्न, गरीव र संकटासन्नतामा रहेका नागरिकहरुलाई मर्यादित जीवनयापन र सामाजिक तथा आर्थिक सुरक्षा प्रदान गर्न दिगो सामाजिक सुरक्षा प्रणालीको विकास भई सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।

**ध्येय:**

सामाजिक न्याय, समानता र समावेशीतालाई आत्मसाथ गरि अत्यावश्यक सेवा र स्रोतहरू सुनिश्चित गर्दै अतिविपन्न, गरीव र संकटासन्नतामा रहेका नागरिकहरुको आवश्यकतालाई सम्बोधन गर्ने प्रभावकारी सामाजिक सुरक्षा कार्यक्रमहरू र नीतिहरूको विकास र कार्यान्वयन गर्ने ।

**लक्ष्य:**

अतिविपन्न, गरीव र संकटासन्नतामा रहेका नागरिकहरुहरुलाई लक्षित गरि सामाजिक सुरक्षा कार्यक्रमहरुको निर्माण गरि आर्थिक सुरक्षा, सामाजिक न्यायको सिद्धान्तलाई आत्मसाथ गरि गाउँपालिका भित्र गरीवी, असमानता र अन्य जोखिमताको स्तरलाई घटाउने ।

## ६. उद्देश्य

(क) मानव जीवनचक्रको विभिन्न उमेर समुहमा आउनसक्ने जोखिमतालाई घटाई गाउँपालिका भित्रका कमजोर र सिमान्तकृत समूहको जीवनस्तरमा सुधार ल्याउनु ।

(ख) सामाजिक, आर्थिक तथा लैंगिक असमानता घटाउदै सीमान्तकृत समुदायका सबै नागरिकहरुका लागि सामाजिक सुरक्षा सेवाहरूमा समान पहुँच सुनिश्चित गरी थप सामाजिक समावेशीकरणको लागि प्रयास गर्नु ।

(ग) प्राकृतिक प्रकोप वा आर्थिक मन्दी जस्ता क्षति र संकटका बेला समुदायका सदस्यहरूलाई सुरक्षा सहायता उपलब्ध गराउने लचिलो सामाजिक सुरक्षा प्रणालीको निर्माण गर्नु ।

(घ) मानव पूँजी विकास र व्यक्ति तथा समुदायलाई सशक्त बनाउन शिक्षा, स्वास्थ्य सेवा र अन्य आवश्यक सेवाहरूमा लगानीलाई प्राथमिकता दिनु ।

(ङ) संघीय सरकार, प्रदेश सरकार अन्तर्गत सञ्चालन गरिएका सामाजिक सुरक्षा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन तथा ती कार्यक्रमहरुमा सबै योग्य व्यक्तिको पहुँच सुनिश्चित गर्न आवश्यक संयन्त्रको विकास तथा परिचालन गर्नु ।

## ७.**रणनीति:**

१. संकटासन्नता तथा जोखिममा रहेको जनसंख्या, जस्तै जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, रन्यून आय भएका परिवारहरूका लागि आवश्यक सहयोग सुनिश्चित गर्न विशेष कार्यक्रमहरूको निर्माण गरि प्रभावकारी कार्यान्वयन गर्ने ।

२. संघ, प्रदेश, स्वयं गाउँपालिका अन्तर्गतका सबै सामाजिक सुरक्षा कार्यक्रमहरु, योग्यता मापदण्डहरू, र तिनीहरूमा कसरी पहुँच बृद्धि गर्ने भन्ने बारेमा विभिन्न सञ्चार माध्यमको उपयोग तथा परिचालन गरि समूदायस्तरमा प्रभावकारी सुचना प्रवाह गर्ने ।

३. सामाजिक सुरक्षा सम्वन्धी कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन र व्यवस्थापनका लागि स्थानीय सरकारी निकायहरू र सेवा प्रदायकहरूको क्षमता विकास गर्ने ।

४. लक्षित बर्गको आवश्यकता र संकटासन्नताको बारेमा सही जानकारी तथा तथ्याङ्क सङ्कलन गर्ने, तथ्यमा आधारित नीति तर्जुमा र सामाजिक सुरक्षा कार्यक्रमहरूको प्रभावकारी अनुगमन प्रणालीको विकास गर्ने ।

५. संघीय सरकार, प्रदेश सरकार, सामुदायका सदस्यहरू, नागरिक समाज, नीजी क्षेत्र र विकास साझेदारहरू लगायत सम्बन्धित सरोकारवालाहरूसँग सक्रिय सहभागिता र सहकार्य बढाउने ।

**८. स्थानीय कार्यक्रम**

१. गर्भावस्था र सुत्केरी अवस्थाका आर्थिक रुपमा विपन्न महिलाहरुलाई आवश्यक पोषणयुक्त खानेकुरा सहयोग, संस्थागत सुत्केरीका लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने रगर्भावस्था तथा सुत्केरी अवस्थामा ध्यान दिनुपर्ने कुराहरुको बारेमा स्वयं, श्रीमान्, सासु ससुरा तथा अन्य परिवारका सदस्यहरुलाई ज्ञान,सीप प्रदान गरिनेछ ।

२. गाउँपालिका अन्तर्गतका सबै प्रसुती सेवाकेन्द्र (बर्थिङ सेन्टर) हरुसम्म सहज पहुँचका लागि मोटर बाटो निर्माण गरिनेछ र स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउनै एम्बुलेन्स सेवाको प्रभावकारी व्यवस्था गरिनेछ साथै प्रसुती सेवाकेन्दका (बर्थिङ सेन्टर) लागि आवश्यक सामग्री, उपकरण तथा औषधीको उपलब्धतालाई सुनिश्चित गर्न आकस्मिक कोषको स्थापना गरिनेछ ।

३. स्वास्थ्य वीमामा सबैको आवद्धतालाई सुनिश्चित गर्न व्यापक जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ र आर्थिक रुपले विपन्न समुदाय, अपांगता भएका व्यक्तिहरु, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका र जेष्ठ नागरिकहरुको हकमा गाउँपालिकाले स्वास्थ्य वीमामा समेट्न पहल गरिनेछ । ।

४. प्रारम्भिक बाल विकासका लागि, विशेष गरि ५ बर्षसम्मका बालबालिकाको उचित स्याहार सुसार, उनीहरुसँग गर्नुपर्ने आवश्यक सकारात्मक अन्तरक्रिया, बालबालिकाको पोषणमा लगानी बृद्धि जस्ता विषयहरुलाई समावेश गरि व्यापक रुपमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

५. सुविधा सम्पन्न, आधुनिक प्रविधियुक्त बाल विकास कक्षामा दक्ष सहजकर्ताद्वारा सहजीकरण गर्ने वातावरण निर्माणका लागि सहजकर्ताहरुको क्षमता अभिबृद्धि र आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्नका लागि आवश्यक पहल गरिनेछ ।

६. यौन तथा प्रजनन् स्वास्थ्य, बालविवाह, बालश्रम, लागू औषध प्रयोगको नकारात्मक असर, मदिरापान तथा धुम्रपानको असर तथा सामाजिक सञ्जालको दुरुपयोग र यसले बालबालिकामा पार्ने नकारात्मक असरहरु सम्बन्धी समूदाय तथा विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७. विद्यालय पूर्वाधार निर्माण, बालमैत्री विद्यालय र प्रविधियुक्त शिक्षण सिकाई, व्यवसायिक तथा जीवनोपयोगी शिक्षाका साथसाथै अतिरिक्त क्रियाकलापहरु, एक वडा एक बाल उद्यान कार्यक्रम तथा खेलकुद मैदानको निर्माण तथा प्रवर्धन र पढ्दै सिक्दै कार्यक्रमलाई जोड दिइनेछ ।

८. समतामुलक भौतिक संरचना, विद्यालय बस, छात्राहरुका लागि सेनेटरी प्याड, अपांगता भएका बालबालिकालाई बैकल्पिक शिक्षाको ब्यवस्थापन तथा विद्यालयमा अनिवार्य छात्र छात्राको लागि छुट्टा छुट्टै पहुँचयुक्त शौचालयको व्यवस्था गरिनेछ ।

९. विद्यालय दिवा खाजाका रुपमा स्थानीय खाद्य सामाग्रीको प्रयोग गरी बजारमा पाईने तयारी खाना वा पत्रु खाना (जंक फुड) को उपभोगलाई निरुत्साहित गरिनेछ ।

१०. संरक्षणवीहीन (अशक्त, अनाथ,असहाय र अपांगता भएका) बालबालिकाहरुका लागि सामाजिक सुरक्षा प्रदान गर्न अक्षय कोषको स्थापना गरि उनीहरुको शिक्षा, स्वास्थ्यमा सहयोग गरिनेछ ।

११. उच्च शिक्षा विशेष गरेर एम.वि.वि.एस,ईन्जीनियरिङ, स्वास्थ्य, कानून, विज्ञान, गणितमा स्नातक र स्नातकोत्तर तह पढ्न चाहने आर्थिक रुपले विपन्न जेहेन्दार विद्यार्थीलाई आफ्नो श्रोत साधनले भ्याएसम्म गाउँपालिका प्रमुख छात्रबृत्ति कार्यकम तर्जुमा गरी छात्रवृति प्रदान गर्न सकिनेछ ।

१२. अति विपन्न बर्गका युवाहरुलाई सरकारी सेवामा पहुँच अभिबृद्धिका लागि लोकसेवा तथा शिक्षक सेवा लगायत सरकारी सेवाका तयारी कक्षा सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१३. महिला हिंसा, बालहिंसा, बालविवाह, जातिय छुवाछुत तथा भेदभाव, लिंगका आधारमा गरिने भ्रुण हत्या र बालश्रम जस्ता कुप्रथा, कुसंस्कार तथा कानूनद्वारा निषेधित कार्यको समूदायस्तरमा सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ र त्यस्तो कार्य रोक्न नियामक निकायहरुसँग सहकार्य गरिनेछ ।

१४. सबै प्रकारको हिंसाबाट पीडीत महिलाहरुका लागि व्यक्तिहरुलाई सुरक्षित आश्रय स्थलको संयत्र निर्माण गरिनेछ र उनीहरुलाई आवश्यक मनोसामाजिक परामर्शका साथै अन्य कानूनी उपचारका लागि आवश्यक सहयोग प्रदान गरिनेछ ।

१५ लक्षीत बर्ग तथा समुदायको पहिचान गरी उनीहरुलाई उद्यमशीलतासँग जोड्न विभिन्न आयमूलक कृयाकलापमा संलग्न गरिनेछ । भौगोलिक अवस्था हेरि विभिन्न कृषि तथा गैर कृषि व्यवसायमा अनुदान तथा छुटका कार्यक्रम सञ्चालन गरि आत्मनिर्भर र सशक्तिकरण गरिनेछ ।

१६ निर्वाहमूखि कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गरि कृषकहरुको आर्यआर्जन बृद्धि गर्नका लागि विशेष पकेट क्षेत्रको घोषणा गरि कृषकहरुलाई अनुदान, आधुनीक कृषि उपकरणहरुमा छुट, आवश्यक सिंचाईको व्यवस्था, बेमौसमी तथा जैविक खेतीका लागि आवश्यक स्थानीय स्तरमै वीउँवीजन उत्पादन तथा भण्डारण सम्वन्धी तालिमको व्यवस्था, वीउँबीजन वितरणका साथसाथै कृषि उपजको व्यवस्थित भण्डारणको लागि शित भण्डार, कृषि उपज संकलन केन्द्रको स्थापना, कृषि हाटबजारको व्यवस्थापन तथा बजारीकरणको व्यवस्था गरिनेछ ।

१७. कृषि पेशालाई मर्यादित, आर्थिक उपार्जनको माध्यमको रुपमा स्थापना गर्न, कृषि लक्षित कार्यक्रममा युवाहरुको सहभागितालाई जोड दिने । कृषि बाली वीमा, पशु वीमा कार्यक्रम तथा कषि सम्बन्धि विद्यालयस्तरीय अभिमुखिकरण कार्यक्रमको आयोजना गरि बालबालिकालाई कृषि तथा पशुपालन र यसको महत्वको बारेमा व्यवहारिक ज्ञान दिइनेछ र बार्षिक रुपमा उत्कृष्ट किसानलाई उचित पुरस्कारको व्यवस्था तथा सम्मान गरिनेछ ।

१८. युवाहरुलाई विकास निर्माणका क्रियाकलापमा सहभागी गराउन र श्रमदानको संस्कृतिलाई अवलम्वन गर्न युवा क्लब गठन तथा उक्त क्लबहरुलाई सक्रियरुपमा सामाजिक परिचालन तथा विकास निर्माणमा संलग्न गराईनेछ ।

१९. जेष्ठ नागरिक आश्रय तथा अध्यात्म स्थलको निर्माण, जेष्ठ नागरिक दिवसमा सम्मान, निशुल्क स्वास्थ्य उपचार, न्यानो कपडा वितरण, विशेषज्ञ सेवा सहितको समूदायस्तरमा घुम्ती स्वास्थ्य शिविर सञ्चालन तथा युवा तथा जेष्ठनागरिक बीच पुस्ता हस्तानतरण तथा अन्तर्क्रिया कार्यक्रम गरिनेछ ।

२०. विपद्जन्य जोखिम, महामारी, आर्थिक संकटका बखत सामाजिक सुरक्षाकाका कार्यक्रमलाई थप लचिलो बनाई विपद उत्तरदायी सामाजिक सुरक्षा कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ ।

२१. परम्परागत सीप र कलाको प्रबर्धन, संरक्षण गर्ने घरेलु तथा साना उद्योगलाई प्राथमिकता दिई त्यस्ता उद्योगहरुलाई अनुदान तथा विशेष छुट प्रदान गरिनेछ ।

२२ युवाहरुलाई रोजगारमूलक कार्यमा समेट्न लघुउद्यम, सीप विकास तथा व्यवसाय प्रवर्धनात्मक तालिम प्रदान गरिनेछ ।

२३. योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रबर्धन गर्न गाउँपालिकाभित्रका अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको लगत संकलन गरि उनीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि आवश्यक पहल गर्ने ।

२४. अपाङ्गता भएका व्यक्तिले बिना भेदभाव अन्य व्यक्ति सरह समान रुपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चित गरी सेवा सुविधामा पहुँच पुर्याउने साथै कानुनी अधिकार र

सेवाहरुको विषयमा जनचेतना तथा कानूनी शिक्षा कार्यक्रम संचालन गरिनेछ र अपाङ्गता भएका व्यक्तिको हेरचाह, सशक्तिकरण तथा क्षमता विकासको लागि आवश्यक तालिम सञ्चालन गरिनेछ ।

**९.संस्थागत संरचना**

१. यो नीतिलाई प्रभावकारी ढंगले कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, विभिन्न संघ संस्था तथा सरोकारवालाहरुसँग समन्वय र सहजीकरण गर्न, नीति कार्यान्वयन अनुगमन, समसामयिक सुधार लगाएत नीति सहजीकरण गर्न गाउँपालिका **उपाध्यक्षको संयोजकत्वमा** विभिन्न विषयगत समितिका प्रमुखहरु र अन्य सम्बन्धित क्षेत्रसँग सरोकार राख्ने शाखा प्रमुखहरुको एक सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन समिति गठन गरिनेछ ।

समिति:

१) गाउँपालिका उपाध्यक्ष : संयोजक

२) सामाजिक विकास समितिको संयोजक : सदस्य

३) सुशासन तथा संस्थागत विकास समितिको सयोजक : सदस्य

४) सामाजिक विकास क्षेत्रमा काम गर्ने स्थानीय गैरसरकारी संस्थाको एकजना प्रतिनिधि : सदस्य

५) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा प्रमुख : सदस्य सचिव

२. सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन समितिले आवश्यकता अनुसार सामाजिक सुरक्षासँग सम्बन्धित विषय विज्ञहरुलाई समितिमा आमन्त्रण गरि प्रभावकारी नीति निर्माण तथा कार्यान्वयनमा सल्लाह सुझाव लिन सक्नेछ।

३. सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन समितिले गाउँपालिका तथा वडास्तरमा अन्य समिति तथा उपसमिति गठन गरि काम गराउन सक्नेछ ।

४. सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन समितिले नीति कार्यान्वयनका लागि कानून, नीति, योजना, कार्यक्रममा सबै नागरिकको पहुँच सुनिश्चितताका लागि नेतृत्व तथा सेवा प्रदायक कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक पहल तथा समन्वय गर्नेछ ।

**१०. नीति कार्यान्वयन**

१ सामाजिक सुरक्षा स्थानीय नीति २०८१, दीगो विकास लक्ष्यहरु हासिल गर्ने प्रतिबद्धताका साथ आगामी आ. व. २०८२।८३ को बजेट तथा कार्यक्रम तर्जुमा सँगै लागु हुनेछ । प्रस्तुत नीतिहरुबाट गाउँपालिका अर्न्तगतका सामाजिक सुरक्षा कार्यक्रमहरु निर्देशित हुनेछन् ।

२ नीति कार्यान्वयनका लागि विषय तथा क्षेत्रगत समितिहरु मार्फत वार्षिकरुपमा कार्यक्रम तर्जुमा गर्दा बालबालिका, अपाङ्ता तथा जेष्ठ नागरिक तथा अन्य जोखिममा परेका समुहहरुको हितलाई ध्यानमा राखी प्राथमिकताका साथ बजेट विनियोजन प्रस्ताव भएको हुनेछ ।

**११. वित्तिय श्रोत**

संघ र प्रदेश तथा गाउँपालिकाका साथै नीजि तथा गैरसरकारी संघ संस्थाहरुसँगको लागत साझेदारीमा यो सामाजिक सुरक्षा नीति कार्यान्वयनका वित्तिय स्रोत हुनेछन् ।

**१२. अनुगमन तथा मूल्यांकन**

१. यो नीतिको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्न, नीतिमा समसामयिक परिमार्जन गर्नका लागि अभिलेखिकरणलाई विशेष जोड दिईनेछ र र आवधिक रुपमा गाउँपालिकाबाट अनुगमन गरिनेछ ।

२. नीति कार्यान्वयन पश्चात त्यसले समुदायमा पारेको प्रभावको समिक्षा गरि आवश्यकताको आधारमा यो नीतिलाई थप परिस्कृत गरिदै लगिनेछ । साथै थप कार्यक्रम तथा बजेटको लागि पहल गरिनेछ ।

३. यो नीतिको प्रत्येक पाँच बर्षमा पुनरावलोकन गरिनेछ ।

**१४. संशोधन तथा खारेजी**

गाउँपालिकाको वित्तिय श्रोतको उपलब्धताका  आधारमा यस नीतिमा भएका कार्यक्रमहरुलाई प्राथमिकताका आधारमा सञ्चालन गरिदै लगिनेछ र आवश्यकता अनुसार नीति परिमार्जन तथा संशोधन गर्न सकिनेछ। ठाँटीकाँध गाउँपालिकाले निर्माण गरेको सामाजिक सुरक्षा स्थानीय नीति, संघ तथा प्रदेश सरकारको कानूनसंग बाझिएको हकमा स्वतः खारेज  हुनेछ।